मधेश प्रदेश सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# राम कुमार शारडा उमा प्रसाद मुरारका प्रादेशिक अस्पताल लहान, सिरहा

## चमेना गृह (क्यान्टिन) सञ्चालन

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०९**

यस रा.उ. प्रादेशिक अस्पताल लहानको परिसरमा आउने बिरामी, कुरुवा, सेवाग्राही, स्वास्थ्यकर्मी तथा कर्मचारीहरूलाई स्वच्छ, स्वस्थ, गुणस्तरीय, सुपथ तथा सहज रूपमा खाना/खाजा उपलब्ध गराउने प्रयोजनका लागि अस्पताल परिसरमा रहेको चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न इच्छुक योग्य फर्म/कम्पनी/संस्थाले तपशील बमोजीम शर्तको अधिनमा रही चमेना गृह संचालनका लागि यो सूचना प्रकाशीत गरिएको छ। सूचना प्रकाशीत भएको मितिले १५) पन्ध्र (दिन भित्र ईच्छुक फर्मले कार्यालय समयमा भवन भाडाको शिलबन्दी दररेट निवेदन पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ।

**शर्तहरु**

१. चमेनागृह संचालन गरिने कोठाको न्यूनत्तम भाडा दर मासिक रु.२०,०००/- (बिस हजार) मात्र बिजुली र खानेपानी सहितको कबुल गरि बढाबढमा दररेट पेश गर्नुपर्ने छ।

२. टेण्डर सम्झौता २ वर्षको लागि हुनेछ र चमेनागृह २४ सै घण्टा संचालन गर्नुपर्ने छ।

३. चमेना गृह संचालनको लागि आवश्यक रंगरोगन, कुर्सी टेबुल, भाडावर्तन लगायतको व्यवस्थापन व्यावसायकर्ताले नै व्यवस्था गर्नुपर्ने छ।

४. भवनको सरसफाइ संरक्षणको पूर्ण जिम्मेवारी व्यावसायकर्ताको हुनेछ साथै फोहोरमैलाको उचित व्यवस्थापन गरि स्वच्छ वातावरण बनाई बस्नुपर्ने छ।

५. सूर्तीजन्य पदार्थ, मादक पदार्थ तथा निषेधित बस्तु विक्री वितरण गर्न पाइने छैन।

६. व्यावसायकर्ताले यस अस्पतालको संचालन समितिवाट तोकेको मूल्यदररेटमा स्वच्छ, सफा र गुणस्तरिय चमेनागृहको सेवा उपलब्ध गराउनुपर्नेछ।

७. शिलबन्दी दररेट रु.१० को टिकट टाँस गरेको निवेदनसाथ पेश गर्नुपने फर्मको दर्ता प्रमाणपत्र, सहिछाप, संचालकको नागरिकता प्रमाणपत्र, PAN दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र समेत संलग्न गर्नुपर्ने छ।

८. दाखिल हुन आएका शिलबन्दी दररेट निवेदन नियमानुसार खोल्ने, मूल्याङ्कन गर्ने र स्वीकृत गर्ने सम्पूर्ण अधिकार रा.उ. प्रादेशिक अस्पताल लहान निहित रहनेछ।

९. शिलबन्दी निवेदनमा कबोल गरेको भाडा दररेट अङ्क र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनुपर्नेछ।

१०. अन्य कुरा संझौता बमोजिम हुनेछ र यदि कुनै समस्या आएमा वा नयाँ निर्णय गर्नु परेमा अस्पताल संचालन तथा व्यवस्थापन समितिको निर्णय नै अन्तिम हुनेछ।

११. सुचना सम्बन्धी थप कुराहरू बुझ्नुपरेमा कार्यालय समयभित्र रा.उ. प्रादेशिक अस्पताल लहानको अस्पताल प्रशासनबाट वा सम्पर्क फोन नं : ०३३-५६४१३६, ईमेल:-lahanhospital584@gmail.com मा सम्पर्क राख्न सकिनेछ।